
मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

कस्तो सकसः उदेक नमाने हुन्छ : पृष्ठ २

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily



◆ वर्ष : २५ ◆ अङ्क : २८२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ भदौ २४ गते बुधवार (Wednesday, September 9. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# अनुदानको रकम पहुँचवालालाई मात्रै

**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, भदौ २३।** सरकारले कृषकका लागि प्रदान गर्दै आएको अनुदानको रकम पहुँचवाला ठूला किसानले मात्रै हात पार्ने गरेको पाइएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार पारेको कृषि विकासका क्षेत्रमा प्रदान गरिने अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन प्रतिवेदनले पहुँच हुने किसानले मात्रै अनुदान पाएको जनाएसँगै अनुदानको रकम पहुँचवालाका हातमा मात्रै पर्ने गरेको खुलेको हो। संघीयदेखि स्थानीय तहसम्मका तीनबटै सरकारले पहुँचवाला ठूला किसानलाई मात्रै अनुदानको रकम प्रदान गर्ने गरेको अध्ययन प्रतिवेदनले देखाएको छ।

१ नम्वर प्रदेश सरकारद्वारा आर्थिक वर्ष २०७६/०७७मा सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (पकेट/ब्लक) र प्राङ्गारिक कृषि प्रर्वद्धन मिसन कार्यक्रम अन्तर्गतको अनुदान बितरणमा समेत पहुँचवालाकै हाली मुहाली भएको छ। कृषि ज्ञान केन्द्रमार्फत बितरण गरिएको सबै रकम ठूला पहुँचवाला किसानले मात्रै हात पारेको श्रोतको दावी छ। सरकारले मध्यम र साना कृषकलाई लक्षित गरी अनुदानको रकम वितरण गर्ने गरे पनि पहुँचवाला किसान मात्रै लाभान्वित हुँदै आएका छन्।

१ नम्वर प्रदेश सरकाको आर्थिक वर्ष २०७५/०७६मा वितरण गरिएको अनुदान रकमलाई हेर्ने हो भने सबै भन्दा बढी अनुदानको रकम झापाका पहुँचवाला ठूला किसानले लिएका छन्। दुई आर्थिक वर्षको तथ्याङ्क अनुसारझापाका ५८ वटा समूहका ठूला किसानले ५ करोड ६८ लाख ३ हजार रुपैयाँ अनुदानमा लिएका छन्। तर, दुई वर्षमा सोलुखुम्बूका तीन वटा कृषि फर्मले मात्र अनुदानको रकम लिएको देखिन्छ। सोलुखुम्बूका किसानले दुई आर्थिक वर्षमा अलैंची, अकवरे खोर्सानी र तरकारी उत्पादनका लागि भन्दै ६५ लाख रुपैयाँ मात्र अनुदान लिएका छन्।

झापाका ठूला किसानले विभिन्न विषयगत ब्लक सञ्चालनका लागि भन्दै अनुदानको रकम लिएका छन्। सहकारी संस्था, फर्म, समूह, उद्योग गरी १० वटाले अनुदानको रकम लिएका छन्। त्यस्तै विभिन्न पकेट क्षेत्र सञ्चालनका नाममा ४८ वटा संस्था, फर्म, समूह, उद्योगले अनुदानको रकम लिएका छन्। अनुदानको रकम लिने संस्था, फर्म, समूह, उद्योगको संख्या संखुवासभामा तीनसहित उदयपुरमा १०, मोरङ र सुनसरीमा ७४, संखुवासभामा ११, इलाममा २५, धनकुटा र तेह्रथुममा ३५, भोजपुरमा २, ताप्लेजुङ र पाँचथरमा ३८, खोटाङमा १९ रहेका छन्।




**वाह्रदशी गाउँपालिका–७मा रहेको दुर्गा माता कोला खेती तथा कृषि फार्मको अनुगमन गर्दै प्रदेश सांसद बसन्त बानियाँ, जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेल लगायत।**

झापाका १५ वटा स्थानीय तहमध्ये पनि गौरादह नगरपालिकाका धेरै संस्था, फर्म, समूह, उद्योगले अनुदान रकम लिएका छन्। गौरादह नगरपालिकाका ८ वटा संस्था, फर्म, समूह, उद्योगले अनुदानको रकम लिएका छन्।

त्यस्तै बिर्तामोडमा ३, झापामा ३, दमकमा ३, वाह्रदशीमा ४, मेचीमा १, कमलमा ५, भद्रपुरमा २, शिवसताक्षीमा ७, कनकाईमा ४, बुद्धशान्तिमा २, हल्दिवारीमा ४, केचनामा ४ र अर्जुनधारामा ६ गरी जम्मा ५८ वटा संस्था, फर्म, समूह, उद्योगले प्रदेश सरकारबाट अनुदान लिएका छन्।

जसमध्ये सबैभन्दा धेरै च्याउ खेतीका लागि दमक नगरपालिका-२का नेत्रप्रसाद जवेगूले ३३ लाख ७९ हजार रुपैयाँ अनुदान पाएका छन्। उनले जवेगू च्याउ उद्योगका लागि सो रकम पाएका हुन्। बिगत सात वर्षदेखि नियमित च्याउ खेती गर्दै आएका उनले च्याउ पकेट कार्यक्रमका लागि सो रकम अनुदानमा पाएका हुन्। उनले दैनिक एकदेखि डेढ क्वीटल च्याउ बिक्री गर्दै आएका छन्। उनी ठूलो कारोवार गर्ने किसान हुन्। उनले १५ कठ्ठा जमिन लिजमा लिएर च्याउ खेती गर्दै आएका छन्। उनको च्याउ उद्योगमा नियमित ५ र ज्यालादारीमा पाँच जनाले रोजगारी पाएका छन्। मासिक ५देखि ६ लाख रुपैयाँसम्मको च्याउ विक्री गर्ने गरेको जवेगूको भनाइ छ। यसअघि उनले च्याउ ब्लक सञ्चालनका लागि भन्दै वार्षिक ५ लाख रुपैयाँसम्म हरेक वर्ष अनुदानको रकम लिने गरेका थिए। उनले २०७३ सालबाट च्याउ खेती गर्दै आएका छन्।

उनी जस्तै कमल गाउँपालिका-२मा रहेको श्री आईपीएम आलू ब्लक सञ्चालन समितिले ३० लाख ५२ हजार रुपैयाँ अनुदान रकम लिएको छ। सो समितिले पनि आलू खेतीका लागि रकम लिएको हो। कृषि ज्ञान केन्द्र, प्रदेश सरकार र कारितास नेपालसँग गरेर सो आईपीएम आलू ब्लक सञ्चालन समितिले झण्डै ४० लाख रुपैयाँ अनुदान लिएको छ। ५० प्रतिशत किसानको सहभागिता रहने गरी सो समितिले अनुदान रकम लिएको समितिका कोषाध्यक्ष टंक कटुवालले बताए। त्यहाँका किसानले ६४ विगाह क्षेत्रफलमा आलू खेती गरेको बताइन्छ। समूहमा आवद्ध सबै किसान पहुँचवाला रहेको स्रोतले जनाएको छ।


(बाँकी अन्तिम पृष्ठमा)

## राख्नु न उखेल्नु !

**इलाम, भदौ २३।** 'राख्नु न उखेल्नु भयो अहिले आएर यो चिया पनि' तीन वर्ष अघिदेखिको चियाको मूल्य पाउन नसकेको स्मरण गर्दै इलाम नगरपालिका-२ सुम्बेकका चिया किसान मात्रिका खतिवडाले भने। 'फालौँ भने लोभलाग्दो गरी पलाइरहेको छ, राखौँ भने वर्षेनि भाउ घट्दै जान्छ, यो चिया खेतीले अब त गुजारा चल्नै गाह्रो हुने भयो'- उनले भने।

बजारमा वर्षेनि हरेक बस्तुको मूल्य वृद्धि भइरहेको छ तर त्यसैगरी अरु उत्पादनजस्तै वर्षेनि भाउ बढ्नुपर्ने हरियो चियापत्तिको मूल्य भने घट्दै गएको छ। खतिवडा मात्र हैन चिया क्षेत्रमा संलग्न किसान प्रायः यही चिन्ता व्यक्त गर्ने गरेका छन्। उचित मूल्य नपाएको भन्दै यहाँका चिया किसान वर्षेनि आन्दोलित हुने गर्दछन्। यस वर्ष पनि उनीहरुले यसका लागि आवाज उठाइरहेका छन्।

वर्षा लागेसँगै चियाको उत्पादन वृद्धि हुन्छ। उत्पादन वृद्धि भएपछि चिया उद्योगले मूल्य घटाउँछन् अनी किसान गुहार माग्दै स्थानीय तह र प्रशासन समक्ष पुग्ने गरेका छन्। प्रशासनले



समस्या समाधानमा चासो नदिए कहिले सडकमा चिया फालेर विरोध जनाउँछन् त कहिले चिया उद्योग र स्थानीय तह घेराउ गर्छन्। यसवर्ष पनि उनीहरुले प्रशासनमा जानकारीसहित स्थानीय तहलाई घच्घच्याइ रहेका छन्।

किसानरु पहिलो चरणको कार्यक्रम भन्दै जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारलाई यसबारेमा ध्यानाकर्षण गराइरहेका छन्। उनीहरुले विज्ञप्ति प्रकशन गरेर आफ्नो अवस्थाको बारेमा जानकारी गराइरहेका छन्। यस वर्षसमेत तोकिएको न्यूनतम् मूल्य चिया उद्योगले नदिएको भन्दै इलामका चिया किसान आन्दोलित भएका हुन्। उद्योगीले हरियो चियापत्तिको मूल्य उचित नदिएको भन्दै आन्दोलित किसानहरु हाल न्यूनतम् मूल्य कायम गराउन माग गर्दै स्थानीय तह र जिल्ला प्रशासन कार्यालयमा ध्यानाकर्षण गराउँदै आएका छन्।

उनीहरुले पहिले गरिएको सम्झौता कार्यान्वयन गराउन माग गर्दै प्रशासन गुहार्न थालेका हुन्। वर्षेनी तयारी चियाको मूल्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बढिरहे पनि किसानहरुको हरियो चियाको मूल्य भने वर्षेनी घटिरहेको भन्दै चिन्ता व्यक्त

(बाँकी अन्तिम पृष्ठमा)

## नक्कली प्रेस कार्ड बनाउने चार जना पक्राउ

**झापा, भदौ २३।** पत्रकारको परिचयपत्र नक्कली बनाउने र पत्रकार नै नभएको व्यक्तिले 'प्रेस ज्याकेट' लगाएर पत्रकारिताकै दुरुपयोग गरेको पाइएपछि प्रहरीले उच्च निगरानी थालेको छ।

कोभिड-१९ सङ्क्रमणको जोखिम रोक्न जारी गरेको निषेधाज्ञाको समयमा पत्रकारलाई समाचार सङ्कलनका लागि दिइएको छुटको दुरुपयोग गर्न यसरी नक्कली परिचयपत्र बनाउनेदेखि नक्कली पत्रकार बन्नेहरु बढ्न थालेको महानगरीय अपराध नियन्त्रण महाशाखाले जनाएको छ।

केही दिनअघि ललितपुरमा प्रेस लेखेको ज्याकेट लगाएर एक हातले क्यामेरा समाउँदै एक हातले प्रहरीलाई ढुङ्गा हानिरहेको दृष्य सामाजिक सञ्जालमा भाइरल भएको थियो। उनलाई तत्कालै पक्राउ गरेर प्रहरीले कारवाही थालेको छ। प्रहरीका अनुसार पत्रकार नभएका व्यक्तिले पनि गाडीमा प्रेस टाँसेर हिँड्ने गरेको भेटिएको छ।

मंगलबार पनि काठमाडौँको बागबजारमा पत्रकारको परिचयपत्र नक्कली बनाउँदै गरेको अवस्थामा केही व्यक्ति पक्राउ परेका थिए। यस्ता गतिविधि बढ्न थालेपछि प्रहरीले निगरानी बढाएको हो। सामाजिक सञ्जालमा आएका जथाभावीका सूचना प्रवाह गरेर र युट्युबमा आएका सामग्रीलाई हेरेर मानिसले पत्रकारका विषयमा नकारात्मक धारणा बनाउने गरेका छन्। यस्ता घटनाले वास्तविक पत्रकार प्रभावित हुँदै आएका छन्। पत्रकारप्रति हेर्ने दृष्टिकोण नै परिवर्तन हुने भन्दै पत्रकार महासंघले त्यस्ता गतिविधि रोक्न सरकारसँग अनुरोधसमेत गर्दै आएको छ।

महानगरीय अपराध नियन्त्रण महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दीपक थापाले नवलपरासीका लक्ष्मण न्यौपानेले बागबजारमा सञ्चालन गरेको कालिका प्रिन्टर्स स्पोट्र्स प्रालिमार्फत विभिन्न व्यक्तिको नामबाट अस्पतालका कर्मचारी र पत्रकारको नक्कली परिचयपत्र बनाई प्रतिकार्ड



रु. ५०० भन्दा बढीमा बिक्री वितरण गर्ने गरेको फेला परेको जानकारी दिए।

प्रहरीले न्यौपानेसहित बर्दिया घर भई कोटेश्वर बस्ने श्रीराम खड्का, नवलपरासी सुस्ता पूर्व कावासोती घर भई काठमाडौँ भीमसेनगोला बस्ने रमेशकुमार रेग्मी, स्याङ्जा जगत्रदेवी घर भई हाल धापसी बस्ने राजेन्द्रराज भण्डारीलाई पक्राउ गरेको हो। उनीहरुलाई कारवाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौँ बुझाइएको छ। उनीहरुबाट विभिन्न मिडिया, अस्पताल र प्रिन्टिङ प्रेसको नक्कली परिचयपत्र तथा परिचयपत्र बनाउन प्रयोग हुने उपकरण बरामद गरिएको छ।

## कांग्रेस र राप्रपामा कार्यकर्ता प्रवेशको होड

**झापा, भदौ २३।** नेपाली कांग्रेस झापा र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले झापामा पार्टी प्रवेश कार्यक्रमलाई तीब्र बनाएका छन्।

जिल्लादेखि नगर र गाउँसम्म अहिले दुई पार्टीमा कार्यकर्ता प्रवेशको होडवाजी नै चलेको छ। नेपाली कांग्रेसले एक हजार पाँच सयभन्दा बढीलाई कांग्रेसमा समेटेको जनाइरहँदा राप्रपाले पनि एक हजारको हाराहारीमा पार्टी प्रवेश गराएको दावी गरेको छ। नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला र राप्रपाका महामन्त्री राजेन्द्र लिङ्देन स्वयम् पार्टी प्रवेश कार्यक्रममा सहभागी छन्। नेपाली कांग्रेसले जिल्ला पार्टी कार्यालयसहित गाउँ र नगरमा पार्टी प्रवेश कार्यक्रमलाई तीब्र बनाएको छ भने राप्रपाले पनि गाउँ-गाउँमा पुगेर पार्टी प्रवेश कार्यक्रम सञ्चालन गर्दै आएको राप्रपाका



झापा सचिव केशव ओझाले जानकारी दिए।

**नेपाली कांग्रेसमा १५ सयभन्दा बढी प्रवेश**

नेपाली कांग्रेस झापाले पार्टी प्रवेश कार्यक्रमलाई तीब्रता दिएको छ। कांग्रेसले पार्टीका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाको आतिथ्यमा जिल्लाका विभिन्न ठाउँमा पार्टी प्रवेश कार्यक्रम सञ्चालन गर्दै आएको छ। भदौको शुरुबाटै पार्टी प्रवेश कार्यक्रम सञ्चालन गरेको कांग्रेस झापाले भदौको तेस्रो सातासम्म झण्डै १५ सय जना विभिन्न पार्टीमा आवद्ध सदस्यलाई कांग्रेसको सदस्यता दिलाएको छ।

देशैभर कांग्रेसको गतिविधि सक्रिय रुपमा सञ्चालन हुदैं आएको र झापामा समेत पार्टी प्रवेश कार्यक्रमलाई प्राथमिकता दिएको कांग्रेस झापाले जनाएको छ। कमल गाँउपालिकामा २७५ जनालाई कांग्रेसमा प्रवेश गराएर पार्टी प्रवेश कार्यक्रमलाई तीब्रता दिएको कांग्रेस झापाले शिवसताक्षीमा ५२०, जिल्ला पार्टी कार्यालयमा आयोजित कार्यक्रममा ३००, अर्जुनधारामा ४७ र पूर्व महामन्त्री सिटौलाको घरमै आयोजित कार्यक्रमकाबीच ४५० भन्दा बढीलाई नेपाली कांग्रेसको सदस्यता प्रदान गरिएको छ।

पार्टीले एक्लै दोक्लै प्रवेश गर्न चाहनेहरुलाई समेत निरन्तर सदस्यता प्रदान गर्दै आएको नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले बताए। उनले भने- अभियान नै चलाएर कांग्रेसले पार्टी प्रवेश कार्यक्रम सञ्चालन गरेको होइन्। नेकपाको सरकारसँग आजित भएका जनताले स्वतःस्फूर्त कांग्रेसमा प्रवेश गर्ने भनेपछि यस खाले कार्यक्रम राखिएको हो। नेपाली कांग्रेसमा राप्रपा संयुक्तका सिंगो जिल्ला कमिटी, संघीय समाजबादी फोरम, नेपाल सद्भावना पार्टीसहित नेकपाका समेत जिम्मेवार कार्यकर्ता कांग्रेसमा प्रवेश गरेका सभापति थापाले बताए।

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्तामोडस्थित संस्थागत विद्यालयहरूको कक्षा ११को नयाँ भर्ना सम्बन्धी सूचना !!!

**बिर्तामोड नगरपालिका क्षेत्रमा माध्यमिक तहसम्म सञ्चालित सम्पूर्ण संस्थागत विद्यालयहरुले कक्षा ११मा शैक्षिक सत्र २०७७मा नयाँ भर्नाका लागि संयुक्त रुपमा निम्नानुसारको कार्यक्रम तय गरिएको व्यहोरा जानकारी गराइन्छ।**

**१) फारम वितरणः–** २०७७ भदौ २५ गतेदेखि सबै विद्यालयहरुमा (अनलाइन फारम भर्न सकिने)।

**२) फारम बुझाउने अन्तिम मितिः–** २०७७ असोज १२ सम्म (अनलाइन फारम बुझाउन सकिने) सबै विद्यालयहरुमा।

**३) भर्ना प्रक्रियाः–** विद्यालयको आ–आफ्नै प्रक्रिया अनुसार।

**४) कक्षा सञ्चालनः–** असोज १५ गते अनलाइन अथवा (नेपाल सरकारको निर्देशन अनुसार) कक्षा ११को र कक्षा १२को असोज ५ गतेबाट हुनेछ अथवा (नेपाल सरकारको निर्देशन अनुसार) साथै असोज ४ गतेसम्ममा कक्षा १२ का सबै विद्यार्थीहरुको विद्यालयमा अभिलेखीकरण गराउनुपर्नेछ।

*नोटः नेपाल सरकारले वैकल्पिक शिक्षण सिकाई प्रक्रियालाई शैक्षिक सत्रको अंशका रुपमा समावेश गरेको हुँदा सबै अभिभावकज्यूहरुले आ–आफ्ना नानीहरुलाई आ–आफ्नो विद्यालयद्वारा सञ्चालित विद्यालयको अनलाइन कक्षामा समावेश तथा वैकल्पिक कक्षामा समावेश गराइदिनुहुन अनुरोध गरिन्छ।*

## पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४



कांग्रेस प्रवेश गर्नेलाई स्वागत गर्दै नेता कृष्ण सिटौला ।



राप्रपा प्रवेश गर्नेलाई स्वागत गर्दै महामन्त्री राजेन्द्र लिङ्देन ।

## कांग्रेस ...

नेकपाको सरकार कार्यकर्ताको मात्र भएको बताउँदै सभापति थापाले भने- बामपन्थीको सरकार आफ्नै नेता र कार्यकर्ताका लागि मात्रै रहेछ । यसले गरेका विकास निर्माणका काममा भ्रष्टाचार, जथाभावी बढाएको कर थेग्न नसकेर पार्टीप्रति वितृष्णा जागेकै कारण धेरै नेकपाका कार्यकता कांग्रेसमा प्रवेश गरेका हुन् । नेपाली कांग्रेसको महाधिवेशन नजिकिएसँगै कांग्रेसले विभिन्न खाले कार्यक्रम लिएर गाउँ फर्किएको छ । अहिले हरेक गाउँ र टोलमा समेत कांग्रेसले विभिन्न कार्यक्रम गर्दै आएको छ ।

**राप्रपामा एक हजार प्रवेश**

प्रतिनिधिसभामा एक मात्र सिट जितेको राप्रपा संगठन बिस्तारमा जुटेको छ । गएको प्रतिनिधिसभाको निर्वाचनमा झापा क्षेत्र नम्वर ३ बाट निर्वाचित राजेन्द्र लिङ्देन राप्रपाको तर्फबाट एक्लै प्रतिनिधिसभामा सहभागी छन् । उनकै अगुवाइमा अहिले झापामा संगठन बिस्तारलाई तीब्रता दिइएको छ ।

अहिले जिल्लाका विभिन्न स्थानमा पार्टी प्रवेशका कार्यक्रम लिएर लिङ्देन आफैं सहभागी हुँदै नवागन्तुकलाई सदस्यता दिइरहेका छन् । भदौंको पहिलो सातावाट तेस्रो सातासम्म आइपुग्दा झापामा एक हजार जनाको हाराहारीमा राप्रपामा प्रवेश गरेको बताइएको छ । साउन १३ गते सूर्यबहादुर थापाका पुत्र सुनिल थापाले राप्रपा छाडेर कांग्रेस प्रवेश गरेपछि राप्रपाले देशभर नै राप्रपामा प्रवेश गर्ने कार्यक्रम सञ्चालन गरेको छ ।

राप्रपामा प्रवेश गर्नेहरुमा नेपाली कांग्रेसका धेरै छन् । नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले झापामा पार्टी प्रवेश कार्यक्रम सञ्चालन गरेसँगै राप्रपाका महामन्त्री समेत रहेका लिङ्देनले समेत पार्टी प्रवेश कार्यक्रमलाई तीब्रता दिएको राष्ट्रिय प्रजातन्त्र पार्टी झापाका सचिव केशव ओझाले जानकारी दिए । पार्टी प्रवेश गर्नेहरुमा युवा बढी छन्- ओझाले भने- राप्रपामा प्रवेश गर्ने जिम्मेवार पार्टीका जिम्मेवारी सम्हालेर बसेकाहरु पनि धेरै छन् ।

राप्रपाले कोरोना महामारीकाबीच सचेतनाका सन्देश फैलाउँदै जिल्लागत रुपमा भन्दा पनि टोल-टोलमा पुगेर पार्टी प्रवेश कार्यक्रम सञ्चालन गर्दै आएको छ- ओझाले भने - हामी पार्टी प्रवेश मात्र गराउँदैनौं, पार्टीमा प्रवेश गर्न आउने र समुदायका मानिसलाई कोरोना महामारीबाट बच्न अपनाउनु पर्ने सावधानीका विषयमा पनि बताउँदै आएका छौं । पार्टी लक्षित भन्दा पनि हामीले व्यक्ति लक्षित गरेर अभियान चलाएका छौं, यो अभियान निरन्तर जान्छ, यसलाई हामीले पार्टी सुदृढीकरणका रुपमा लिएका छौं- ओझाले भने ।

# दुई महिने छोरालाई कलेजो दिने बाबु ...




**झापा भदौ २४।** सन्तानलाई गरिने माया र सन्तानले आमाबुवासँग गर्ने भरोसा सबैभन्दा ठूलो सत्य हो । यही सत्यमा जीवन चलेको हुन्छ । जब सन्तान जन्मन्छ तब सन्तान सुखले परिवारमा खुशी ल्याउँछ । सन्तानलाई बुढ्यौलीको सहारा 'लौरो' भनिन्छ । तर केहीको जीवनमा भने यस कुराले मेल खाइरहेको छैन । बैतडीका महेश अवस्थीले आफ्ना दुई महिने छोरालाई कलेजो दान गर्नुपरेको छ ।

आफ्ना दुई महिने छोरालाई कलेजो दान गर्ने बैतडीका महेश अवस्थीको जीवनमा आधारित गीत 'जिन्दगी' सार्वजनिक भएको छ । छोरा शिवांश अवस्थीलाई भारतको चेन्नईस्थित डा. रेला अस्पतालमा लगेर आफ्नो कलेजो प्रत्यारोपण गराई बचाउने बाबुको वास्तविक कथामा म्युजिक भिडियो बनाइएको हो ।

संगीतकार कमला सापकोटाको शब्दरसंगीत रहेको 'जिन्दगी' गीतमा चर्चित गायक निशान भट्टराईको स्वर छ । यस गीतले यथार्थ बोकेको छ । गीतमा पीडा भरिएको छ । हालै सार्वजनिक भएको यस गीत धेरैले मन मात्र पराएका छैनन् । अवस्थीको परिवारको पीडा पनि महसुस गरिरहेका छन् । गीत हेरेर धेरैले दुई महिने शिशुको उज्ज्वल, सुन्दर र स्वस्थ्य जीवनको कामना पनि गरेका छन् ।

गीतले मनोरञ्जन मात्र होइन वास्तविक जीवनको पीडा प्रस्तुत गर्छ भन्ने पछिल्लो उदाहरण बनेको 'जिन्दगी' सार्वजनिक भएको केही दिनमा नै रुचाइएको गीत बन्न सफल भएको छ । महेश अवस्थीको मर्मस्पर्शी र कहालीलाग्दो संघर्षको कथाले आफूलाई गीत लेख्न उद्वेलित बनाएको संगीतकार कमलाले बताइन् । कमला भन्छिन्- 'गीतमा छोरालाई बचाउन बाबाले गरेको अकल्पनीय संघर्षलाई प्रस्तुत गरेका छौं । समाजलाई उत्प्रेरणा दिने गीतमा स्वर दिन पाएकामा गर्व लागेको गायक भट्टराईले बताए । उनले भने- 'स्टुडियोमा यो गीत रेकर्ड गर्दा नै म निकै भावुक भएको थिएँ। शब्द र संगीत उत्कृष्ट रहेको यो गीत गाउन पाउनु मेरा लागि एउटा अवसर हो ।

गीत निशानको व्यक्तिगत युट्युब च्यानलबाट सार्वजनिक भएको हो । गीतबाट आउने सम्पूर्ण रोयल्टी शिवांशको उपचारका लागि सहयोग गर्ने गायक निशानले घोषणा गरिएको छ ।

गीतको संगीत संयोजन हेमराज थापाले गरेका छन् भने युवराज वाइवाले म्युजिक भिडियो निर्देशन गरेका छन् । निर्देशक वाइवाले भने- 'यो मेरा लागि अहिलेसम्मकै फरक काम हो । त्यसैले कोरोना कहरका बेला पनि जोखिम मोलेर निःशुल्क रूपमा यो भिडियो तयार पारेका हौं । भिडियोमा निर्मला न्यौपाने र रेखा घिमिरेलाई फिचरिङ गरिएको छ । लकडाउनअघि श्रीमती र छोरालाई भारतको अस्पतालमै छाडेर व्यवहार मिलाउन नेपाल आएका महेश अझै फर्किन पाएका छैनन् ।

उनका छोरा शिवांश जन्मिएको १४ दिनदेखि बिरामी परेका थिए । नेपालमा एक महिनासम्म आइसीयूमा राखेर उपचार गर्दा पनि निको नभएपछि मध्यम वर्गीय महेशले छोरालाई भारतमा पुर्याई आफ्नो कलेजो दान गर्दै करोडभन्दा बढी खर्च गरेर बचाएका हुन् ।

## राख्नु ...

गरेका छन् । सोनामा छिरीङ काजीको नेतृत्वमा सङ्गठित भएका किसानले आफ्नो हरियो चिया उद्योग फिर्ता गराउन माग गरिरहेका छन् । उद्योगीले विभिन्न बहाना बनाउँदै कम मूल्य दिएको र नगरपालिकाले बनाएको चियाको मूल्यको मापदण्ड अनुसार पनि लागत नदिएको किसानको गुनासो छ । उद्योगले हरियोपत्तिमा लागत नै नउठ्ने खालको मूल्य कायम गरेपछि किसान आन्दोलनमा उत्रिएका हुन् । किसानले उत्पादन गरेको हरियोपत्तिको मूल्य सँधै उद्योगीले निर्धारण गरिदिने भएकाले आफूहरू मारमा परेको किसानको भनाइ छ । उद्योगमा हरियोपत्ति बेच्न नपाए आफूहरूको वर्षभरिको आम्दानी गुम्ने भएकाले किसान पनि उद्योगीले तोकेकै मूल्यमा आफ्नो उत्पादन बेच्न बाध्य छन् ।

सूर्योदय नगरपालिकाले तोकेको हरियोपत्तिको न्यूनतम समर्थन मूल्यसमेत उद्योगीले उल्लंघन गरेपछि किसान आन्दोलित बन्न पुगेका हुन् । आफ्नो पेसा यतिबेला निल्नु न ओकल्नु झैँ भएको छ- चिया किसान आन्दोलन समितिका संयोजक काजीले भने । पहिलो चरणमा जानकारी गराउने र त्यसपछि आन्दोलनका अन्य कार्यक्रम सार्वजनिक गरिने उनीहरुको भनाइ छ ।

महामारीको डर त्रासबीच चिया टिपेर उचित मूल्यमा बेच्न नपाएपछि चिया किसान समस्यै समस्यामा छन् । चिया नटिपौँ बोटमै झ्याङ्गिने डर, टिपौँ मूल्य नपाउने पीर । कोभिड-१९ को महामारीपछि तीन महिनासम्म लामो लकडाउनले चिया किसानलाई मुख्य समस्या बनाएको उनीहरुको भनाइ छ । गुणस्तरको हिसाबले निकै अब्बल मानिने 'फस्ट फ्लस' (पहिलो टिपाइ) चियाकै उचित मूल्य किसानले अहिलेसम्म पाएका छैनन् । कोरोना महामारी र लकडाउनले किसानलाई न्यूनतम् मूल्य प्रतिकिलो रु. ४० देखि ४५ पनि दिन नसकेको उद्योगीले जनाउँदै आएका छन् । उद्योगीले फस्ट फ्लस चियाको मूल्य यतिखेर प्रतिकिलो रु. २०देखि ३० दिन थालेपछि किसान आन्दोलनमा उत्रिन बाध्य भएका छन् । दुःखले चिया टिपेर उद्योगमा पुऱ्याउने किसानले चियाको न्यूनतम् मूल्य अझै पाएका छैनन् भने कतिपय कारखानाले लकडाउनको समयमा चिया नै फर्काइदिने गरेको गुनासो किसानहरुको छ ।

चियाको फस्ट फ्लस गुमाएका किसान उचित मूल्य पाउनुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएका छन् । एकातिर टिपेको चिया बिकेन, मूल्य पाएनौँ भन्ने किसानको गुनासो छ भने अर्कोतर्फ महामारकिो रुपमा फैलिएको कोरोना भाइरस र तिन महिनासम्म लामो बन्दाबन्दीले गर्दा उद्योगले किसानले तोकेबमोजिम फस्ट फ्लसको मूल्य दिन नसकेको उद्योगीको भनाइ छ । बन्दाबन्दीका कारण समयमा उद्योग सञ्चालन गर्न नपाउँदा समस्या परेको उद्योगीको गुनासो छ । विगतदेखि नै चिया क्षेत्रमा समस्या देखिइरहेको छ । तर समस्या समाधानमा सरकारले समेत चासो नदिएको उनीहरुको भनाइ छ ।

भारत परस्त बजार रहेको नेपालको चियामा बारम्बार समस्या आइरहन्छ । यता जिल्ला प्रशासनको पहलमा भएको त्रिपक्षीय उद्योगी, किसानसँग भएको त्रिपक्षीय बैठकबाट भएको निर्णयको कार्यान्वयन उद्योगीले नगरेको किसानले आरोप लगाएका छन् । यसैक्रममा किसानले आफूहरुको मागको सुनुवाइ गराइदिन भन्दै किसानका प्रतिनिधिले पछिल्लो समय जिल्ला प्रशासन कार्यालयमा सात बुँदे माग राखेर ध्यानकर्षण पत्र बुझाएका छन् ।

कारखानाले किसानले बिक्री गरेको उचित मूल्य दिन नसके चियापत्ति फिर्ता गर्न आग्रह गरेका छन् । प्राङ्गारिक तथा रासायनिक मलको अभाव भएकाले यसको तत्काल व्यवस्था गर्नुपर्ने, किसानको मागको सम्बोधन हुनेगरी समस्या समाधानको लागि त्रिपक्षीय वार्ताको पहल जहाँबाट भए पनि आफूहरुको उपस्थिति रहने सोनाम छिरीङ काजीद्वारा जारी पत्रमा उल्लेख गरिएको छ । चियाको समस्या चुलिएको धेरै समय भइसक्दा पनि सरोकारवाला निकाय, स्थानीय सरकार समस्या समाधानका लागि कुनै पहल नगरेको भन्दै किसानले आपत्ति जनाएका छन् ।

जिल्लाको सूर्योदय नगरपालिकाले किसान र उद्योगीसँगको छलफलपछि न्यूनतम समर्थन मूल्य प्रतिकिलो रु. ४० तोकेको छ । तर सो रकम नपाउँदा किसान चियाबाट निराश भएका हुन् । एक किलो चिया उत्पादन गर्न रु. साढे ३७ पर्ने गरेको छ । स्थानीय तहले प्रतिकिलो रु. ४० माथि दिने गरी सहमति गराइ सकेको छ । तर, किसानलाई हाल उद्योगले प्रतिकिलो रु. २० देखि ३० सम्म मात्र दिने बताउन थालेका छन् । वर्षको शुरुवातसँगै दिएको चियाको मूल्य हालसम्म समेत नपाउँदा किसानलाई चिया राख्नु न उखेल्नु भएको उनीहरुको भनाइ छ ।

चिया क्षेत्रमा वर्षेनि किसान र उद्योगीबीचको मनमुटाव भइरहेको छ । आपसी समझदारीमा शुरुमा चिया लिएका उद्योगहरुले पछि चियाको उत्पादन बढ्न थालेपछि क्रमशः मूल्य घटाउने गरेका छन् । जसका कारण समस्या समाधान हुन सकिरहेको छैन । यसतर्फ पनि राज्यका तीन तहकै सरकारले ध्यान दिन नसकको किसानहरुको भनाइ छ । समय समयमा अनुगमन हुन नसकेको र न्यूनतम मूल्य कार्यान्वयन गराउन सरकार लाग्न नसक्दा यस्तो परिस्थिति आएको किसान स्वयं बताउँछन् । यसतर्फ राज्यका सम्बद्ध निकायको ध्यान जानुपर्ने उनीहरुको माग छ ।

इलाममा एक करोड ५९ लाख ७१ हजार, झापामा आठ करोड २५ लाख १७ हजार, पाँचथरमा सात लाख ६५ हजार, धनकुटामा तीन लाख नौ हजार, तेह्रथुममा एक लाख ५१ हजार र बाँकी नौ जिल्लामा तीन लाख ६८ हजार किलो हरियो पत्ति चिया उत्पादन हुन्छ ।

आठ हजार आठ सय ३८ हेक्टरमा परम्परागत रूपमा चिया खेती हुँदै आएको चिया तथा कफी बोर्डको तथ्याङ्कमा उल्लेख छ । एक हजार एक सय हेक्टरमा अर्गानिक चिया खेती हुँदै आएको छ भने दुई हजार एक सय २९ हेक्टरमा अर्गानिक उत्पादनतर्फ उन्मुख छ । अहिले नेपालमा एक करोड ६० लाख ३६ हजार किलो सीटीसी चिया उत्पादन हुन्छ ।

सीटीसी चियाको उत्पादन विशेष गरेर झापामा मात्रै हुन्छ । यो चियामध्ये झण्डै ४५ प्रतिशत स्वदेशमै खपत हुन्छ भने बाँकी निर्यात हुन्छ । यस्तै कारखानाबाट २६ लाख ७० हजार किलो अर्थोडक्स चिया उत्पादन हुन्छ । यस्तै दुई लाख २० हजार किलो ग्रीन टीको रुपमा र ३२ हजार किलो स्पेसियालिटी चिया उत्पादन हुन्छ । बोर्डका अनुसार नेपालबाट भारतसहित तेस्रो मुलुकमा वार्षिक तीन अर्ब मूल्य बराबरको चिया निर्यात हुन्छ । चियालाई निर्यातजन्य तुलनात्मक लाभको सूचीमा राखिएको छ ।

चैत महिनाबाट चिया उत्पादन शुरु हुन्छ । जाडो याम शुरु हुन थालेपछि कात्तिक महिनाबाट चिया उत्पादन बन्द हुन्छ । चियाको उत्पादन बन्द भएपछि किसानको आन्दोलन पनि यसै रोकिने र उनीहरु आफैँ आफ्ना माग र मुद्दामा पछि सर्ने गरेका कारण पनि वर्षेनी चिया किसानको समस्या जस्ताको त्यस्तै रहने गरेको छ ।

## अनुदानको ...

कृषि ज्ञान केन्द्रमार्फत नै अनुदानको रकम पाउने अर्को संस्था हो- बाह्रदशी गाउँपालिका-७मा रहेको दुर्गा माता कोला खेती तथा कृषि फर्म । जसले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ब्लक बिकास कार्यक्रमका लागि ३५ लाख रुपैयाँ अनुदान लिएको छ । संस्थाले ३५ लाख रुपैयाँ फर्मको लगानी रहने गरी सो रकम अनुदानमा लिएको हो । अनुदान रकम पाउने व्यक्ति ठूला र पहुँचवाला कृषक हुन् ।

उता हाम्रो हातेमालो कृषि सहकारी संस्थाले कृषकका नाममा सरकारबाट २५ लाख ३४ हजार रुपैयाँ अनुदान लिएको छ । यो शिवसताक्षी नगरपालिकामा रहेको छ । शिवसताक्षी-१मा रहेको यो संस्थाले धान खेतीका लागि भन्दै अनुदान लिएको हो । शिवसताक्षी महिला महुरीपालन सहकारी संस्थाले पनि २५ लाख रुपैयाँ अनुदान रकम लिएको छ । शिवसताक्षी नगरपालिकाको ११मा यो संस्था रहेको छ ।

त्यस्तै आदर्श कोहोबरा मूल कृषक समूहले पनि राज्यबाट २५ लाख रुपैयाँ अनुदानमा लिएको छ । यो गौरादह- ४मा रहेको छ । धान खेतीका लागि भन्दै यो संस्थाले राज्यबाट यतिका मोटो रकम लिएको हो । यता बाह्रदशी गाउँपालिका-५मा रहेको हरित क्रान्ति मकै ब्लक विकास कार्यक्रम सहकारी संस्थाले मकै खेतीका लागि २४ लाख ६८ हजार रुपैयाँ अनुदान लिएको छ । १०० हेक्टर क्षेत्रफलमा मकै उत्पादन गर्ने भन्दै सो सहकारीले सरकारबाट मोटो रकम अनुदानमा लिएको हो । शिवसताक्षी-१मा रहेको च्याउ खेती कृषक समूहले पनि २३ लाख ५५ हजार रुपैयाँ च्याउ खेतीका लागि राज्यबाट अनुदान लिएको छ । १० हजार केजी च्याउ उत्पादन गर्ने भन्दै यतिका मोटो रकम यो समूहले लिएको हो ।

राज्यबाट अनुदान रकम लिने संस्था, फर्म र सहकारीको अवस्थाबाटै प्रष्ट हुन्छ मध्यम र निम्नवर्गका किसानका लागि आएको अनुदान पहुँचवाला र ठूलो कारोवार गर्ने किसानको हातमा छ । संघीय सरकार, प्रदेश र स्थानीय तहले दिने अनुदानको रकम र विभिन्न दातृ संघ-संस्थाले प्रदान गर्दै आएको अनुदानको रकम समेत सीमित व्यक्ति र संस्थाका नाममा जाने गरेको छ । जसका कारण विपन्न र निम्न आय भएका किसानहरुले अनुदानको रकम देख्न त के सुन्न समेत पाउँदैनन् ।

कृषिलाई मुख्य पेशा बनाएर व्यवसायीकरण र औद्योगिकीकरणमा आउन चाहने युवा तथा व्यवसायीहरु समेत अनुदान नपाउँदा निरुत्साहित र पलायन भएको अवस्था छ । सरकारले भने पहुँचवालालाई मात्रै अनुदानको रकम दिँदै आएको छ । किसानको स्पष्ट पहिचान पश्चात मल र बीऊ जस्ता उत्पादनका आधारभूत सामग्रीमा अनुदानको सुनिश्चितता हुनुपर्ने भए पनि हचुवाको भरमा सरकारले कृषिमा अनुदान प्रदान गरिरहेको सरोकारवालाले बताउँदै आएका छन् । अनुदानको सही प्रयोगका लागि साना तथा मध्यम किसानहरुलाई परिचयपत्रको व्यवस्था गर्नुपर्ने र परिचयपत्रको आधारमा सरकारबाट वितरण हुने सेवा सुबिधाहरु उपलब्ध गराउने माग उठ्ने गरेपनि सुनुवाई नहुँदा वास्तविक किसान अनुदान लिनबाट सँधै वञ्चित हुँदै आएका छन् ।

## मूर्ति चोर्ने पक्राउ

**सोलु, भदौ २३।** सोलुखुम्बु दुधकुण्ड-८ चागेस्थानस्थित चागेस्थान मन्दिरबाट मूर्ति चोरी गर्ने एक जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा सोही स्थानका ३५ बर्षीय रमेश मगर रहेका छन । मन्दिरबाट दुई वटा सिंहको मूर्ति हराएपछि मन्दिर समितिले खोजी गर्दा फेला नपरेपछि जिल्ला प्रहरी कार्यालय सोलुमा जानकारी गराएका थिए ।

घटनाको जानकारी पाउनसाथ खोजतलासमा खटिएको प्रहरीको टोलीले मगरलाई छिमेकी जिल्ला ओखलढुंगाको सिद्धिचरण-११मा रहेको एक होटलबाट उनले चोरी गरी लगेको मूर्तिसहित पक्राउ गरेको हो ।

## लागूऔषधसहित पक्राउ

**सुनसरी, भदौ २३।** सुनसरी कोशी गाउँपालिका-३ का ३९ बर्षीय मोहमद हुसेन मन्सुरी लागूऔषधसहित पक्राउ परेका छन् ।

कोशी गाउँपालिका-३मै झोला बोकी हिँडिरहेका मोहमदलाई नियन्त्रणमा लिई चेकजाँच गर्दा उनको झोलाबाट लागूऔषध फेला परेको हो । पक्राउ परेका मोहमद उपर थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।


## सूचना ! सूचना !! सूचना !!!

**प्रथमपटक प्रकाशित मिति : २०७७/०५/२४**

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई आ.व २०७७/२०७८ को लागि तपशिलका सामग्रीहरु बिक्री गर्न इच्छुक फर्मबाट आवश्यक कागजहरु संलग्न राखी १५ दिनभित्र शिलबन्दी कोटेशन आव्हान गरिन्छ ।

**तपशिल :**

१) छपाई सम्बन्धि कार्यहरु
२) स्टेशनरी सामग्री
३) कार्यालय उपकरण
४) फर्निचर सामान
५) कम्प्युटर तथा प्रिन्टर

**शर्तहरु :**

१) फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनुपर्ने छ ।
२) फर्मको लेटर प्याडमा कोटेशन प्रस्तुत गरिएको निवेदन लेख्नुपर्ने छ ।
३) कोटेशनमा फर्मको व्यवसायिक, कर चुक्ता, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाण पत्र तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनुपर्ने छ ।
४) समय नाघी वा रीत पूरा नगरी प्राप्त भएका कोटेशनलाई मान्यता दिइने छैन ।
५) फर्मले सस्थालाई गुणस्तरीय सामग्रीहरु उपलब्ध गराउनु पर्नेछ ।
६) कोटेशन स्वीकृत गर्ने, नगर्ने, रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७) एकपटक पेश गरिएको शिलबन्दी दरभाउ-पत्र फिर्ता वा संशोधन गर्न पाइने छैन ।

**सहारा नेपाल (साकोस) लि.**
केन्द्रीय कार्यालय, बिर्तामोड-२, चारपाने
फो.न. ०२३-५४११९८

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ११ का **निहारिका गुरुङ** कि.नं. ७५३९ को ज.वि. ०-०-१० क्षेत्रफल जग्गामा निर्माण भएको आरसीसीको स्थलगत सर्जमिन गर्न जाँदा तपाई निम्नानुसारको सँधियार अनुपस्थित हुनु भएकोले निवेदकको घरले सँधियार, सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुन्छ/हुँदैन हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा निम्नानुसार काम, कारवाही हुने सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निम्न

| दिशा | सँधियारको नाम, थर | सर्जमिन मिति | नक्सा दर्ता | कैफियत |
|---|---|---|---|---|
| पूर्व | श्री प्रकाश बजगाई | २०७६।०५।१७ | २०७५।०८।०९ | |
| पश्चिम | श्री सन्तोष राई | | | |
| उत्तर | श्री बाटो | | | |
| दक्षिण | श्री निराजन खनाल | | | |

## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ५, हाल अर्जुनधारा नगरपालिका वडा नं. ६ बस्ने अमृता समाल मगरले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नुभएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा क प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) पूर्वतर्फ श्री जशोदादेवी पोखरेल
२) पश्चिमतर्फ बाटो
३) उत्तरतर्फ बाटो
४) दक्षिणतर्फ श्री सन्दीप शर्मा

| जग्गा रहेको स्थान | सिट.नं. | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता नं. | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | | ३१११, ५८४५, ५८४६ | ०-०-१४ | २२९५ | २०७७।०५।२० | २०७७।०५।२४ |

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## संकट गहिरिँदैछ

नेपालमा पहिचान भएको आठ महिनामा कोरोना भाइरसले महाविपतको रुप लिएको छ । त्यसलाई रोकथाम गर्न, नियन्त्रण र उपचारका लागि सरकारका तर्फबाट भएका प्रयासहरु प्रभावकारी हुन सकिरहेको छैन । अन्तर्राष्ट्रिय प्रचलन अनुसार सरकारले बन्दाबन्दी, नाकाबन्दी, सिलबन्दी, निषेधाज्ञा लगायतका विधिको अबलम्वन गऱ्यो । तर, ठीक ढंगले व्यवस्थापन गर्न नसक्दा संक्रमणको जोखिम मात्र बढेन त्यसका कारण मृत्युवरण गर्नेहरुको संख्या समेत उच्च हुन थाल्यो । सरकारले रोकथामका लागि भन्दै विश्व स्वास्थ्य संगठनद्वारा निर्देशित जनस्वास्थ्य सुरक्षाका मापदण्ड पनि लागू गऱ्यो । साबुन पानीले हात धुने, सेनिटाइजर लगाउने, भौतिक दूरी कायम गर्ने र मास्क अनिवार्य प्रयोग गर्नुपर्ने जस्ता स्वास्थ्य सतर्कता र सचेतनाले पनि भाइरस विस्तारको क्रमलाई रोक्न सकेन । फलस्वरुप महामारी नियन्त्रणमा पूर्णतः असफल भएको भन्दै सरकारको आलोचना हुन थाल्यो । जनघनत्व उच्च रहेका बस्तीहरु, बजार र शहरहरु भाइरसको विस्तारक भइरहे ।

भाइरस संक्रमणबाट कुनै प्रदेश मुक्त छैनन् । दिनहुँ संक्रमितहरुको संख्या बढ्ने क्रममा छ । यसै मेसोमा सोमबार एकैदिन प्रदेश नम्बर १ मा सर्वाधिक संक्रमित पुष्टि भयो । एकैदिन यस प्रदेशमा एक सय पचपन्न जना संक्रमित थपिए । संक्रमितहरु मोरङमा सबैभन्दा बढी सतसठ्ठी जना सुनसरीमा छैसठ्ठी, झापामा पन्ध्र, पाँचथरमा छ जना र उदयपुरमा एकजना रहेका छन् । यसरी एक नम्बर प्रदेशमा संक्रमितहरुको संख्या चार हजार एक सय सतहत्तर पुगेको छ भने यसकै कारण मृत्यु हुनेको संख्या त्रिचालीस पुगेको छ । संक्रमितमध्ये एक हजार आठ सय छ्यानब्बे संक्रमणमुक्त भएको प्रदेशको सामाजिक विकास मन्त्रालयले जनाएको छ । चीनको हुवे प्रान्तको बुहानबाट गत वर्षको डिसेम्बरको अन्त्यदेखि शुरु भएको कोरोना भाइरसको संक्रमणले विश्वलाई आफ्नो चपेटामा लिएको छ । यसबाट संयुक्त राज्य अमेरिका विश्वमै सबैभन्दा बढी प्रभावित भएको छ भने हाम्रो छिमेकी भारत दोस्रो प्रभावित देश बनिएको छ । विश्वमा झण्डै पौने तीन करोड संक्रमित भएकामा करिब नौ लाख मानिसले यसकै कारण जीवन गुमाउनु परेको छ ।

कोरोना संक्रमणले हाम्रो जस्तो देश सम्पूर्ण रुपले थलिएको छ । बन्द व्यापार, उद्योग धन्दा, यातायात लगायतका उद्यमहरु बन्द छन् । जसका कारण तिनमा कार्यरत मजदुर, कर्मचारी तथा आश्रित परिवार नै बिचल्लीमा छन् । महासंकटको यति लामो समय भइसक्दा पनि राष्ट्रिय आयका स्रोतहरुलाई संरक्षण गर्नेतर्फ सरकारको कुनै योजना आएको छैन भने रोजगार गुमाएकाहरुलाई सुरक्षाको आशा पनि दिएको छैन । संक्रमितहरु उपचार नपाएर मृत्युवरण गर्दैछन् भने सामान्य प्रकृतिका संक्रमितहरु उचित व्यवस्थापनको अभावमा मानसिक रुपले कमजोर भइरहेका छन् । महामारीकै कारण स्वेदश फिरेका नेपाली जोखिमकै बीच फर्किन थालेका छन् । तिनलाई स्वदेशमा रोजगारी दिने, व्यवस्थापन गर्ने सरकारी आश्वासन 'हावा गफ' मात्रै भएको छ । महामारीमा जीवन जोखिममा राखेर खटिएका स्वास्थ्यकर्मी, चिकित्सक, सहयोगी र सुरक्षाकर्मीले मनोबल उच्च बनाउन सकेका छैनन् । यस्तो अवस्थाले देश र जनतालाई भगवानको भरोसामा छाड्नुको विकल्प छैन ।

# कस्तो सकस : उदेक नमाने हुन्छ



चिन्तामणि दाहाल

**थालनी :**

अहिले नेपालको राजनीतिमा चाख राख्ने देशमा हुन् वा विदेशमा उनीहरू माझ व्यापक चर्चामा छन् बामदेव अर्थात् नेकपाका बलशाली उपाध्यक्ष र बलशाली अध्यक्ष ओली अर्थात् केपी ओलीलाई समेत रिंगाउने बर्दियाली ब्राह्मण बामदेव गौतम । उनलाई अहिले जसरी पनि सत्तामा जानुछ भने ओली उनलाई सकेसम्म सत्ताको दाबेदार बनाउन चाहँदैनन् । यही सकसमा ओली र गौतमको विगत केही महिनादेखि निद्रा पातलिएको छ । तर, गौतमलाई सत्तामा लग भनेर ओलीलाई पार्टीले भनेको छ महिना नाघेको छ ।

हालै बसेको नेकपाको सचिवालय बैठकमा स्वयम् ओलीले बामदेवलाई राष्ट्रिय सभामा मनानित गर्नुपऱ्यो भनेर प्रस्तावै राखे । बामदेवलाई भेट दिएर विश्वास पनि दिलाए । सो भेटमा बामदेवले ओलीसँग सपथ ग्रहणका कुरा समेत गरेका थिए । तर, शुक्रबार बसेको मन्त्री परिषद बैठकमा ओलीले बामदेवलाई राष्ट्रिय सभामा मनोनित गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने प्रस्ताव नै राखेनन् । कस्तो सकस हो । कुरा बुझ्न गाहारो भयो ।

बामदेव पराजीत भएका भएर मनोनित गर्न सकस परेको पटक्कै होइन । उनले बामदेवको गुण पनि तिर्नुछ । गुनले गुन खान्छ तँलाई म खान्छु भनेको हो भने थाहा भएन । तर, ओलीलाई सकस परेकै हो खतिवडाका लागि । अब खतिवडालाई विदा दिइएकोले अबको बैठकले यसको छिनोफानो अवश्य गर्ला ।

**अगाडि :**

नेकपाले यस अगाडि पनि निर्वाचनमा हारेका नेतालाई संसदमा लगेको ताजा इतिहास छ । पछिल्ला उदाहरण हुन् नारायणकाजी श्रेष्ठ जो अहिले पार्टीका प्रवक्ता पनि छन् भने विधिसम्मत काम गर्नुपर्छ पार्टीमा भनेर बड्का कुरा गर्छन् ।

त्यसैगरी, मृगेन्द्रकुमार सिंह सप्तरीबाट प्रतिनिधि सभामा पराजीत, जगप्रसाद शर्मा, दाङबाट प्रतिनिधि सभामा पराजीत, विमला घिमिरे, कपिलवस्तुबाट प्रतिनिधि सभामा पराजित, भगवती न्यौपाने, तनहुँबाट प्रतिनिधि सभामा पराजीत र सिंगबहादुर विश्वकर्मा सिन्धुपाल्चोकबाट प्रतिनिधि सभामा पराजीत हुन् ।

यी सबैलाई पनि नेकपाले राष्ट्रिय सभामा मनोनित गरेर लगेकै हो । त्यसैगरी कैलालीको धनगढी उपमहानगरपालिका-५ बाट वडा सदस्यमा नराम्ररी पराजित लक्ष्मी चौधरीलाई नेकपाले समानुपातिकबाट प्रतिनिधि सभामा निर्वाचित गरेको इतिहास पनि पुरानो होइन ।

**राजनीतिक नैतिकता :**

कानूनी र संवैधानिक दृष्टिबाट पराजितहरुलाई मनोनित गरेर त्यही कार्यकालभित्र संसदमा वा अन्य लाभका पदमा लानु गलत होइन । तर, पाँच वर्षका लागि जनताले तिरस्कार गरेकालाई जनताकै प्रतिनिधि बस्ने थलोमा प्रतिनिधित्व गराउनु राजनीतिक नैतिकताले गलत हो ।

संविधानले भने पराजीत व्यक्तिलाई त्यही कार्यकालभित्र मन्त्री पद नदिनु भनेको छ । तर, अहिले बामदेवजीलाई राष्ट्रिय सभामा लगेर मन्त्री बनाउनुपर्छ भन्नेहरु र स्वयम् बामदेव पनि मन्त्री बन्न इच्छुक देखिएको पत्र-पत्रिकाबाट पढ्न र सञ्चारमाध्यमबाट सुन्न पाइएको छ ।

यसमा राजनीतिक नैतिकताका साथै संवैधानिक बाधा पनि पंक्तिकारले देखेको छ । तर, केही कानूनविद्हरुले नैतिकताको मात्र कुरा भनेका छन् । यो पनि बहसको विषय भएको छ ।


पराजीतलाई त्यही कार्यकालमा जनप्रतिनिधि बस्ने थलोमा लानु नैतिकताको दृष्टिले गलत भए पनि पार्टीको सन्तुलन, लैंगिक, जातिगत, भाषा र भूगोल मिलाउन लानुपर्ने भएर लगेको स्वयम् नेकपाकै केही नेताहरुले बताएर आफ्नो र पार्टीको लाज बचाउने प्रयास गरेका छन् । तर, नैतिकता यो गुम्यो भने जनताबाट क्रमशः तिरस्कृत हुँदै जाने कुरा हो ।

**सकस नमाने हुन्छ :**

नैतिकता त्यो पनि राजनीतिमा खडेरी लागेको नेपालमा नैतिकता वा यस्तै कुरालाई आधार बनाएर अरुले विरोध गर्ने वा आलोचना गर्ने गरे पनि शक्ति सम्पन्न अवस्थामा रहेका र ग्रह दशा बलियो भएका ओलीजीले कानून र संविधानले छेक्दैन भने डराउनुपर्ने अवस्था छैन । मनलाग्दी गरे हुन्छ । प्रचण्डले त सकेनन् भने कोही माइका लालले केही गर्न सक्दैन ।

तर, समस्या भनेको अहिले कार्यदलको प्रतिवेदनलाई आफू अनुकूल पारित वा अनुमोदन गराएपछि मनलागेको गर्ने सोच ओलीजीले बनाएको देखिन्छ ।

संविधानले संसद नभए पनि एकपटक छ महिनालाई मन्त्री बनाइसकेको व्यक्ति पुनः त्यही पदमा दोहोरिन योग्य हुँदैन भनेकोले अर्थमन्त्रीबाट राजीनामा दिएका डा.खतिवडालाई ओलीजीले दोहोऱ्याउने अवस्था रहेन । नत्र, जसले जति कराए पनि ओलीजीले खतिवडालाई दोहोऱ्याई छोड्थे ।



# परिवर्तनको प्रारम्भ आफैंबाट



लीलामणि पौड्याल

हामीकहाँ असल मान्छेको अभाव छैन । हामीकहाँ समाज रूपान्तरणको ज्ञान भएका मान्छेहरूको पनि खाँचो छैन । असल अभ्यासको पनि अभाव छैन । समाज रूपान्तरणका लागि एकदमै चिन्ता गर्ने मान्छे पनि धेरै छन् । तर, हामीसँग सकारात्मक विचार राख्ने, असल अभ्यास गर्ने र चिन्ता गर्ने मान्छेहरूबीच सहकार्य गर्ने, चिन्ता र चासो राख्ने मान्छेहरूको ठूलो जमातमा विचार कार्यान्वयनका लागि जोखिम वा दुःख उठाउने अथवा सुविधा-सहुलियत त्याग्ने तत्परता तथा इमानदारीको खडेरी छ । सकारात्मक सोच, त्यसको कार्यान्वयन र असल अभ्यासको संयोजनबाट मात्रै समाज रूपान्तरण गर्न सकिन्छ ।


कतिपय मान्छेहरू भन्ने गर्छन्- 'यति धेरै समस्याहरू छन्, अत्यासलाग्दो स्थिति छ, जताततै प्वालैप्वाल छन्, एकातिर टाल्यो अर्कोतिर चुहिन्छ, एकातिर सियो अर्कोतिर फुस्किन्छ, त्यसैले कसरी सकारात्मक हुने ? सबै मान्छे खराबै-खराब देखिन्छ, आसै मरिसक्यो । यो सकारात्मकता भन्ने त आदर्शमात्र हो ।' अरु कतिपय मान्छेहरू परिवर्तनका लागि अहिलेको समय उपयुक्त छैन भन्छन् । 'संविधानै छैन, स्थिर सरकार छैन, राजनीतिक नेतृत्व नै सक्षम छैन, कहाँबाट रूपान्तरण हुन्छ ?' भन्नेहरू पनि छन् । अरु केही मान्छे भन्ने गर्छन्- 'यति ठूलो समाजमा मैले मात्र गरेर के हुन्छ र ? सबैले गरे त मैले पनि साथ दिने थिएँ ।'

नेता ठीक भए सबै ठीक हुने थियो भन्ने र कुनै चमत्कारिक मान्छे आएर हाम्रो समाज रूपान्तरण गरिदेला कि भनी भाग्य कुर्ने पनि हाम्रो समाजमा प्रशस्तै छन् । त्यस्ता मान्छेहरू परिवर्तन फुत्त जमिनबाट निस्केर संसारलाई उज्यालो बनाइदिने वा आकाशबाट कुनै उज्यालो पिण्ड खसेर हामीलाई ज्योति दिने जस्तो चमत्कारिक व्यक्ति आएर हाम्रा सबै समस्या हल गरिदिनेछन् भन्ठान्नेहरु पनि छन् । मेरो विचारमा ती सबै विचार ठीक छैनन् । सही विचार त के हो भने यदि जताततै समस्यैसमस्या छन् भने परिवर्तनका लागि जताततै अवसरै-अवसर छ । यहाँ केवल आफैंले शुरु गर्ने प्रयत्न वा उपयुक्त ठाउँको खोजी गरी भूमिका निर्वाह गर्न इमानदारीतापूर्वक लाग्ने इच्छाशक्ति वा तत्परताको खाँचो छ ।

कतिपय मानिसहरू खोलाको पानीको मुहानको उदाहरण दिँदै नेतातर्फ संकेत गरेर माथिबाटै सुध्रिनुपर्छ भन्छन् । त्यो उत्तम विचार हो । एउटा उदाहरण हेरौं । पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई, सन्तनेता, उहाँ छाता र सुराही बोकेर प्रधानमन्त्री निवास जानुभयो र छाता-सुराही बोकेरै त्यहाँबाट फर्किनुभयो । पक्कै पनि उहाँले भ्रष्टाचार गर्नुभएन, किनभने पदीय जिम्मेवारी छोडेर जाँदा केही पनि सम्पत्ति थिएन, उहाँसँग । सरकारले दिएको एउटा घरमा बसेर बित्नुभयो । त्यसकारण उहाँको नेतृत्वकालमा मूल सफा थियो भन्नेमा विवादै रहेन । अब के हामी भन्न सक्छौं, उहाँको कार्यकाल भ्रष्टाचार निवारणका हिसाबले नेपालको शासकीय कालखण्डमा स्वर्णकाल हो ? अहँ सक्दैनौं । त्यसो भए भ्रष्टाचार निवारणका लागि मूल सफा हुनपर्दैन त ? मूल सफा त हुनैपर्छ । यो अनिवार्य सर्त हो, तर पूर्ण शर्त भने होइन । आफूले गर्नैपर्ने र गर्नसक्ने प्रयत्न नगर्ने वा खराब कर्मलाई प्रोत्साहन दिनेहरू मूल सफा हुनुपर्छ भन्ने मूलमन्त्रलाई आफ्ना खराब कर्म छोप्ने बहानामात्र बनाइरहेका छन् । कर्तव्यच्युत हुनेहरूका लागि यो गतिलो बहानाबाजी मात्रै हो ।

कोही माथिको मान्छे सुध्रिएर मात्र यो मुलुक सुध्रिँदैन, कोही तलको मान्छे राम्रो भए पनि यो मुलुक सुध्रिँदैन । यो मुलुक सुध्रिन त सर्वप्रथम 'म' सुध्रिनुपर्छ । सबै सुधार र रूपान्तरणको प्रस्थानबिन्दु 'म' हो, माथि वा तल होइन । बिग्रिरहेको ठाउँमा 'म' कहाँनिर सुधार गर्न सक्छु भन्ने पहिचान गरी शुरुवात त्यहींबाट गर्ने हो । यो कुरा भ्रष्टाचार निवारणमा लागू हुन्छ, सरसफाईमा पनि लागू हुन्छ, विकासमा लागू हुन्छ, घरमा र समाजमा पनि लागू हुन्छ । यो भनाइलाई समाज रूपान्तरणमा नेतृत्वको भूमिका अवमूल्यन गर्ने रूपमा बुझिनु हुँदैन । असल काम गर्नेलाई सघाउने तत्परताको अभावमा असल नेतृत्व निर्माण हुनै सक्दैन । नेतृत्व निर्माणको क्रममा जिम्मेवारी नागरिक 'म'ले धैर्यपूर्वक आत्मअनुशासनमा बसी इमानदारीपूर्वक कर्तव्य पालना गरी प्रणालीको निर्माणमा जुट्ने हातलाई साथ दिने र सामुहिक हितका लागि व्यक्तिगत, पारिवारिक, गुटगत र दलगत स्वार्थ त्याग्ने 'म'हरूको खाँचो छ ।

स्वार्थ त्याग्न नसकेका कारण नेतृत्व निर्माणमा हामी नराम्ररी चुकेका छौं । हाम्रा अतृप्त इच्छा पूरा गरिदिन कुनै अमूक व्यक्ति आउँछ भन्ने ठानेर कुनै व्यक्तिलाई देवत्वकरण र हाम्रा अपेक्षा पूरा गर्न नसक्ने वा स्वार्थमा बाधक ठानेर दानवीकरण गरेका छौं, पटक-पटक नेतृत्वलाई हामीले । सामाजिक सञ्जालहरू हेऱ्यौं भने सबै नेताहरूलाई निकृष्ट र तुच्छ गाली गरिएको पाउँछौं । त्यो विचार कहाँबाट आयो ? सम्भवतः हामीले बिजारोपण गरेको नकारात्मक विचारको उच्चतम् उत्कर्ष हो त्यो । हामीले काम गर्न सिकाएनौं, गाली गर्न सिकायौं । कर्म गर्न सिकाउनुपर्नेमा भाग्यमा भरोसा गर्न सिकायौं अथवा कसैलाई देवत्वकरण गरेर आफ्नो भविष्य उसको हातमा सुम्पने प्रवृत्तिको विकास गऱ्यौं । यो सामन्ती समाजको चरित्र हो । यसबाट समाज रूपान्तरण सम्भव छैन ।




नेतृत्व हामी जस्तै तर हामीलाई बाटो देखाउने केवल एक व्यक्ति हुन् भन्ने यथार्थ सायद हामीले बिर्स्यौं । नेतृत्वको निर्माण समाजले गर्ने हो, समाजको महत्वपूर्ण इकाइ परिवार र परिवारको इकाइ 'म' हो । 'म' त्यागी, इमानदार, मेहनती र सद्भाव राख्ने मान्छे भएँ भने मैले छान्ने नेतृत्वमा पनि ती गुण वेष्ठित हुनेछन् । म स्वार्थी, बेइमान, आत्मकेन्द्रित भएँ भने चाहेर पनि मेरो नेतृत्व असल गुणयुक्त हुनै सक्दैन । म असल तर मेरो नेतृत्व खराब हुनै सक्दैन । त्यसैगरी मेरो नेतृत्व असल र म खराब हुनै सक्दैन । त्यसैले नेतृत्व हाम्रै गुणहरूको समष्टि हो र नेतृत्वले गर्ने काम वा व्यवहार हाम्रै अपेक्षा, चाहना, दबाबको अभिव्यक्ति हो । यो मुलुकमा आफूलाई बुज्रुक र जानकार ठान्ने कसैको परीक्षण बाँकी छैन । धेरै, थोरैको कुरामात्र हो । प्रत्यक्ष र परोक्षको कुरामात्र हो । परीक्षणबाट फेल भएकाहरूले आत्मसमीक्षा गर्ने कि कसैलाई गाली गरेर आत्मरतिमा रमाउने ?

गएको पाँच सय वर्षको विश्वको विकासक्रम हेर्दा, कोही विज्ञ र परामर्शदाता बाहिरबाट ल्याएर ठूला-ठूला प्रतिवेदन बनाइदिएर वा बाहिरबाट पैसा ल्याइदिएर, दान र उपहार दिएर सम्पन्न भएको कुनै पनि मुलुक छैन । युरोप, अमेरिका, जापान जस्ता मुलुकको विकासमा पुस्तौं-पुस्ताको त्याग र समर्पण छ । कोरिया, सिङ्गापुर, मलेसिया जस्ता मुलुकहरूले एउटै पुस्ताको अद्वित्तीय त्यागबाट विकासको चरणमा फड्को मारेका हुन् । चीन र भारत त्यही बाटोमा अग्रसर छन् । तपाई हामी जस्ता सचेत नागरिकहरूको त्याग, समर्पण र कर्तव्यपरायण बिना कुनै पनि समाजको रूपान्तरण सम्भव भएको इतिहास छैन । विकास भनेको हामीले नै गर्ने हो । शरुवात आफैंबाट हो । मैले के गर्न सक्छु, त्यो मैले गर्ने हो । मैले गर्न सकेको कुरा गरेर मात्र अरुलाई यसो र उसो गर भन्ने हैसियत मैले बनाउन पाउँछु ।

पूर्वीय दर्शनमा पाँच वटा कुरा त्याग्न भनिएको छ : काम, क्रोध, लोभ, मोह र अहंकार । यी त्यागे मुक्ति पाइन्छ भनिन्छ । यी पाँच कुराले हाम्रो शरीरमा नकारात्मक ऊर्जाको सञ्चार गरिरहेका हुन्छन् । त्याग्ने भनेको ती नकारात्मक ऊर्जालाई हाम्रो मन, शरीर, विचारमा ठाउँ नदिऊँ भनेको हो । जसले समाज रूपान्तरण गर्छु भन्छ, उसले यी पाँच कुरा त्याग्न प्रयत्न गर्नुपर्छ ।

महाभारतमा कौरव सय भाइ र पाण्डव पाँच भाइ थिए/थिएनन्, त्यो मलाई थाहा छैन । तर, मैले बुझेको कुरा कुनै एउटा समाजमा एउटा कालखण्डमा खराब विचारको प्रतिनिधित्व गर्ने मान्छेहरू एक सय जना भए भने सही विचारको प्रतिनिधित्व गर्ने मान्छे पाँच जना हुन्छन् । ती पाँच जनाले त्याग, तपस्या गर्छन्, वनवास जान्छन्, गुप्तवास बस्छन्, सबै खाले कठिनाई र प्रतिकूलतासँग लड्छन् र अन्त्यमा विजय प्राप्त गर्छन् । अर्थात् एक सयमा पाँचले सत्य र न्यायका लागि लडिरहन्छन्, त्याग र बलिदान सबै गर्छन् र अन्त्यमा, समाजलाई रूपान्तरण गरी छाड्छन् भन्ने हो । अहिले त्यही पाँचको खोजी, कर्तव्यपथमा अविचलित कर्मयोगीको कार्य र सिर्जनाको प्रबर्द्धन र उनीहरूका सत्कर्मको संयोजित विस्तार आवश्यक छ ।

यो सकारात्मक ऊर्जा प्रवाह गर्ने कुरामा हामी थोरै छौं वा तत्काल लाभ भएन भनेर हीनताबोध गर्नुपर्ने कारण छैन । भने जस्तो नतिजा आएन भनेर असल काम छोड्नु पनि पर्दैन । एक्लै वा अल्पमतमा परेँ भनेर सत्कर्म छोड्नु हुँदैन । सकारात्मक कर्मबाट प्राप्त हुने ऊर्जा र त्यसको विस्तारबाट समाज रूपान्तरण हुन्छ भन्ने मेरो विश्वास छ । नतिजाको कुरा गर्दा गीतामा भनिएको- कर्मण्येवाधिकारस्ते माफलेषू कदाचनः को अर्थ केलाउनुपर्ने हुन्छ । हामीलाई यो श्लोकको अर्थ काम गर्दै जानु, फलको आस नगर्नु भनी सिकाइयो । तर त्यो सत्य होइन । मेरो तुलनात्मक सत्यमा आधारित ज्ञानले भन्छ, उक्त श्लोकको अर्थ कर्म गर फलको र नतिजाको अपेक्षा पनि गर, तर फल र नतिजाप्रति आसक्त नहोउ भनेको हो ।

कुनै कुराप्रतिको आसक्तिले कर्मको फल सधैं नकारात्मक हुन्छ । मान्छेले असाध्यै धेरै आसक्त भएको कुरा पायो भने संसारै पाएँ भन्ने ठान्छ र अहंकार बढ्छ । सबै पाएपछि अगाडिको कुराको खोजी पनि गर्दैन । फलस्वरुप फलप्रतिको आशक्ति र त्यसको प्राप्तिले उसको र उसमार्फत समाजको प्रगति अवरुद्ध हुन्छ । त्यसैगरी फलप्रतिको एकदमै धेरै आशक्ति र अप्राप्तिले चरम निराशा आउँछ । त्यसैले मैले बुझेको कर्मण्येवाधिकारस्ते माफलेषू कदाचनः भनेको कर्म गर, फलको अपेक्षा पनि राख, तर फलप्रति आसक्त नहोऊ भनेको हो । यदि अपेक्षा नराख्ने हो भने त मान्छेले कर्म गर्दैगर्दैन । त्यसकारण नयाँ सन्ततिलाई सिकाउनुपर्ने शिक्षा भनेको कर्म गर र फलप्रतिको आशक्तिलाई कम गर भन्ने नै हुनुपर्छ ।

*(पौड्यालल नेपाल सरकारका मुख्य सचिव हुन् ।)*

# मृत्यु राहत सुविधावापत क्षेत्रीलाई सिम्रिकको २,२८,७००



**बिर्तामोड, भदौ २३।** सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले सदस्य मृत्यु राहत सुविधावापत एक जना शेयर सदस्यलाई दुई लाख २८ हजार सात सय रुपैयाँ प्रदान गरेको छ।

बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले धुलाबारी सेवाकेन्द्र अन्तरगतका शेयर सदस्य मेचीनगर-७ जोरसिमल निवासी दीपककुमार क्षेत्रीको परिवारलाई उक्त रकम प्रदान गरेको हो। धुलाबारीमा हार्डवेयर व्यवसाय सञ्चालन गर्दै आएका शेयर सदस्य क्षेत्रीको गत भदौ १४ गते ५७ वर्षको उमेरमा असामयिक निधन भएको थियो।

शेयर सदस्य स्व. क्षेत्रीले संस्थामा एक लाख रुपैयाँको शेयर खरिद गरेको र आफू र परिवारको नाममा पाँच वर्षे पाँच वटा नियमित बचत खाता सञ्चालन गरेको धुलाबारी सेवाकेन्द्रकी प्रमुख अञ्जु प्रधानले जानकारी दिइन्। शेयर सदस्य स्व. क्षेत्रीको परिवारलाई प्राकृतिक मृत्यु क्षतिपूर्ति वापत एक लाख रुपैयाँ, पाँच वर्षे नियमित बचतकर्ताको मृत्यु भएकोमा राहत सुविधा ८८ हजार सात सय रुपैयाँ, एक लाख रुपैयाँको शेयर भएका सदस्यको मृत्युमा प्रदान गरिने मानोचामल वापतको रकम ३० हजार र आजीवन राहतकोष सदस्यवापत १० हजार रुपैयाँ गरी दुई लाख २८ हजार सात सय रुपैयाँ मृत्यु राहत सुविधावापत प्रदान गरिएको उनले बताइन्।

सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कमलबहादुर बस्नेत, कोषाध्यक्ष हरिप्रसाद कडरिया, सञ्चालक सदस्य इन्द्रबहादुर कार्की, विभागीय प्रमुख मिनवहादुर अधिकारी, प्रेम बस्नेत (विजय), धुलाबारी सेवाकेन्द्रकी प्रमुख अञ्जु प्रधानले स्व. क्षेत्रीकी श्रीमती राधिकादेवी क्षेत्रीलाई उक्त रकम हस्तान्तरण गरेका थिए।

रकम हस्तान्तरण अघि आयोजित श्रद्धाञ्जलि सभामा सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतले संस्थाको सदस्य बनेर स्व. क्षेत्रीले संस्थाको उन्नती प्रगतिका लागि आफूहरुलाई सदैव हौसला र प्रेरणा दिने गरेको बताए। उनले संस्थामा स्व. क्षेत्री जस्ता असल शेयर सदस्यको अभाव भइरहने बताउँदै शेयर सदस्यको सुख दुःखमा सिम्रिक साकोसको सदैव साथ रहने बताए।

संस्थाका सञ्चालक सदस्य इन्द्रबहादुर कार्कीले वाचन गरेको समवेदना पत्र स्व. क्षेत्रीका परिवारलाई संस्थाका अध्यक्ष बस्नेतले हस्तान्तरण गरेका थिए। त्यस्तै स्व. क्षेत्रीकी श्रीमती राधिकादेवी क्षेत्रीले आफ्ना शेयर सदस्यहरुलाई सिम्रिक साकोसले परिवारकै सदस्य जस्तो व्यवहार गरेर श्रीमान्को निधनमा घरमै आएर समवेदना पत्रसहित रकम प्रदान गरेकोमा सिम्रिक साकोसको गुण कहिल्यै नबिर्सने बताइन्। कार्यक्रमको सहजीकरण विभागीय प्रमुख प्रेम बस्नेत (विजय)ले गरेका थिए।

# राँकेमा सामुदायिक स्वास्थ्य इकाई

**युद्धबहादुर बोहोरा**



**पाँचथर, भदौ २३।** पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिका-४, राँके बजारमा आइतबारदेखि सामुदायिक स्वास्थ्य इकाईको सेवा शुरु गरिएको छ।

गाउँपालिकाका अध्यक्ष वीरबहादुर कुरुम्बाङको अध्यक्षता तथा जिल्ला समन्वय समिति पाँचथरका सभापति विष्णुप्रसाद सापकोटाको प्रमुख आतिथ्यमा उक्त स्वास्थ्य इकाईको उद्घाटन गरिएको थियो। इकाई उद्घाटनमा जिल्ला अस्पताल पाँचथरका प्रमुख डा. बुद्धिबहादुर थापा र अहेव राधिका चेम्जोङले कार्यक्रममा सहभागीको स्वास्थ्य चेकजाँच समेत गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि सापकोटाले यस क्षेत्रका नागरिकहरुले स्वास्थ्य सेवाको अभावलाई मध्यनजर गरी स्थानीय, जिल्ला समन्वय समिति र प्रदेश सरकारको समन्वयमा स्वास्थ्य इकाईको स्थापना गरिएको बताउँदै आगामी दिनमा यस संस्थालाई थप स्तरोन्नति गर्दै स्वास्थ्य केन्द्र बनाउन पहल गरिने आश्वासन दिए।

केही दिनअघि यस ठाउँमा रहेको जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्रलाई प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको निर्णय अनुसार सदरमुकाममा स्थान्तरण गरिएको भएता पनि यहाँका बासिन्दाले लिएको सेवा हरण नहुने र आवश्यकता अनुसार व्यवस्थापनमा कोसिस गरिने उनले बताए।

उक्त विषयलाई लिएर आन्दोलित स्थानीय र बजार व्यवस्थापन समितिलाई प्रतिफल दिने आन्दोलन तर्फ सबै एकजुट हुन उनले आग्रह गरेका छन्। प्रदेश १ का आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्वो 'मौसम'द्वारा यस क्षेत्रका नागरिकलाई स्वास्थ्य सेवामा पर्न गएको असुविधाप्रति ध्यान केन्द्रित रहेको सन्देश समेत उनले सहभागीलाई सुनाएका थिए।

कार्यक्रममा नेकपा पाँचथरका अध्यक्ष राजकुमार भण्डारीले यस स्वास्थ्य इकाईलाई स्तरोन्नति गर्न आवश्यक जग्गाको तर्जुमा गर्दै भवन निर्माण तथा आवश्यक पूर्वाधारको लागि सम्बन्धित निकायमा माग गर्दै यस क्षेत्रका नागरिकलाई स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित नहुन सबैले पहल गर्नुपर्ने बताए।

गाउँपालिकाका अध्यक्ष वीरबहादुर कुरुम्बाङले यस सामुदायिक स्वास्थ्य इकाईबाट इलाम देउमाई नगरपालिका, फाकफोकथुम गाउँपालिकाका सेवाग्राहीले र मेचीमार्गका नागरिक समेत लाभान्वित हुने बताउँदै स्वास्थ्य इकाईलाई पालिकाले थप व्यवस्थित गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष देवित्राकुमारी आङदेम्बेले जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्रलाई राँकेबाट सदरमुकाम लगिएपछि आन्दोलन गरिरहेका स्थानीयलाई ललिपपको रुपमा स्वास्थ्य इकाईको थालनी नभई गुणस्तरीय सेवा र नागरिकको उचित मागप्रति सरोकारवाला निकायको ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिइन्।

त्यस्तै राँके बजार व्यवस्थापन समितिका अध्यक्ष श्रीबहादुर बिष्टले सामान्य स्वास्थ्य सेवा लिन यहाँका बासिन्दा अहिले करिब एक घण्टाभन्दा बढी समय खर्चेर वरपर जानुपर्ने बाध्यता रहेको बताए। दुई जिल्लाको सिमानामा रहेको यस बजारको हरेक समस्यालाई दुवै क्षेत्रका स्थानीय सरकारले मुख ताकाताक गर्दा विकाश निर्माणले गति लिन नसकेकोले सम्बन्धित पक्षबाट सहयोगको अपेक्षा गरिएको उनले बताए।

उक्त स्वास्थ्य इकाई सञ्चालनका लागि तत्काल एकजना हेल्थ असिस्टेन्ट र कार्यालय सहयोगीसहित दुईजना कर्मचारीको व्यवस्था गरिएको बताइएको छ।

# होटल व्यवसायमा रमाउँदै लोकगायक बस्नेत

**इलाम, भदौ २३।** इलामे गायक प्रकाश बस्नेत गीत गाउँदै कुनै बेला साङ्गीतिक दुनियाँमा रमाउने गर्थे।

समाजमा घटेको घटनालाई टपक्कै टिपेर गीतमा रूपान्तरण गर्ने प्रकाशका गीतले दुई दशकअघि बच्चादेखि वृद्धसम्मलाई छुन्थे। समसामयिक विषयलाई 'चोटिलो व्यंग्य' गर्ने प्रकाशका शुरुआतकै गीतले 'वाहवाही' बटुलेपछि दशकसम्म साङ्गीतिक क्षेत्रमै रमाइरहे। वि.सं. २०५८ पछि साङ्गीतिक क्षेत्रमा पसेका उनी 'लगन जुरेन, साइतै जुरेन : यसपाली त मामा घर जाने हो' जस्ता गीतमा शब्द र संगीत दिए भने आधा दर्जन गीतमा आफैँ अभिनय गरेर दर्शकमाझ छाए।

म्युजिक भिडियोमा पनि गीतकै सुरमा अभिनय गर्न सक्ने प्रकाशले आफ्नो अपेक्षाभन्दा माथिको प्रशंसा पाए। विशेषगरी गाउँघरका विवाह र सांस्कृतिक कार्यक्रममा मनोरञ्जनका राम्रै साधनमा पर्थे प्रकाशका गीत। ग्रामीण समुदायका झ-झल्को दिने ती गीत दर्शक नचाउनका लागि अचुक ओखती बने। साङ्गीतिक क्षेत्रमै समय दिएर प्रकाशले कतिपय व्यंग्यात्मक गीत समेत रचे र गाए। यिनै गीतले प्रकाशलाई रचनाकार, गायक, सङ्गीतकार हुँदै 'मोडल'सम्म बनायो।

**परिस्थिति कोल्टो पर्दा**

यति प्रख्यात प्रकाश लामो समय साङ्गीतिक दुनियाँमा रम्न सकेनन्। राज्यको तत्कालीन परिस्थिति र साङ्गीतिक क्षेत्रको बदलिँदो परिवेशले प्रकाश यही क्षेत्रमा टिकेनन्। साङ्गीतिक क्षेत्रमा लाग्दादेखिकै सरकार-माओवादी द्वन्द्व र साङ्गीतिक क्षेत्रमै आएको उतारचढावले प्रकाशलाई निरुत्साहित मात्र गराएन पलायन हुन बाध्य बनायो।

'मेरा लागि समय नै सही थिएन'- प्रकाशले भने- 'मैले गीतबाट पैसा कमाउन एल्बम र सिडी बेच्नुपर्थ्यो तर समय म्युजिक भिडियोको आइसकेको थियो।' परिस्थितिलाई सामना गर्न नसक्दा प्रकाश दर्शकमाझ चिनिए पनि अर्थोपार्जन भने भएन। एकातिर एल्बम बेच्न नसकेर आर्थिक मन्दी चलिरहेका बेला बदलिँदो राजनीतिक परिस्थितिले साङ्गीतिक कार्यक्रम गर्ने माहोल पनि बनेन्। सबैतिरको समस्याले प्रकाशले साङ्गीतिक क्षेत्रबाट पलायन हुनुपऱ्यो। 'मान्छे बाँच्नका लागि आदर्श होइन, यथार्थ मुख्य



**लोकगायक प्रकाश बस्नेत**

हुँदोरहेछ' -प्रकाशले विगत सम्झिँए- 'दर्शक र स्रोताले राम्रै भने पनि गोजीमा पैसा नभएपछि पलायन नभएर के गर्नु र !'

**विकल्पमा विदेश**

आफूले बुझेको र लामो समय गुजारेको साङ्गीतिक क्षेत्र छाडेर जान प्रकाशलाई सहज त थिएन, तर परिबन्धले बाँधेपछि कसको के लाग्यो र ! फेरि के गर्ने/कता जाने भन्ने अन्योलका प्रश्न नजन्मिने कुरा पनि भएन। परिवारको सल्लाह मान्दै प्रकाशका लागि अर्को अवसरको क्षेत्र जुर्यो- वैदेशिक रोजगार। आफ्नै मामा वैदेशिक रोजगारका क्रममा दक्षिण कोरियामा भएकाले प्रकाश पनि त्यहीँ जानुपर्ने सल्लाह परिवारबाट आयो। परिस्थितिले बाँधेपछि उनले नाइँ भन्न सक्ने कुरा पनि भएन। अब प्रकाशले आफ्ना दर्शक/स्रोता मात्र नभई मित्र र परिवारसमेत चटक्कै छाडेर कोरिया जानुपर्ने भयो।

प्रकाश कोरिया त गए तर उनले सोचे जस्तो भएन। एकातिर आफ्नो देशको जस्तो हावापानी मिलेन भने साथी/सहकर्मी थिएनन्। 'फगत' एक्लो ज्यान काममा खट्नुपर्ने भएपछि प्रकाशलाई त्यहाँ बस्न मनै भएन। परिवारको माया, साथीभाइको सम्झनाले तान्न थाल्यो, तर त्यहाँ तीन महिना बस्दा भने प्रकाशलाई 'पैसा भन्ने चिज नेपालमै कमाउन सकिन्छ' भन्ने लाग्न थाल्यो। ठूलो लगानी र धेरै परिश्रम बगेकाले त्यति सजिलै नेपाल फर्किन सक्ने कुरा थिएन, तर पनि उनी डेढ वर्षमै घर फर्किन बाध्य भए।

**भाषा पढाएर 'मालामाल'**

'पैसा' नेपालमै कमाउने भन्ने सपना बोकेर प्रकाश घरै फर्किए। घर फर्किएपछि जिल्ला सदरमुकाम बस्ने र कोरियाली भाषा पढाउने निष्कर्षमा प्रकाश पुगे। आर्थिक स्रोतको गतिलो माध्यम कोरियाली भाषा अध्यापन हुनसक्ने बुझेपछि उनी निरन्तर भाषा पढाउन लागे।

खाडी मुलुक भौँतारिनेको लहड बढेका बेला कोरिया जान धेरै युवा तम्सिए। एक्ला प्रकाशले सबैलाई अध्यापन गराउन सक्ने कुरा त भएन तर हिम्मत भने हारेनन्। निरन्तर २० घण्टासम्म खट्दै उनले धेरै विद्यार्थी सफल बनाए। धेरैका 'ज्ञानका गुरु' बनेका प्रकाशको आर्थिक पाटो पनि राम्रै गरी सप्रियो। कमाइ भएसँगै उनलाई लगानीयोग्य क्षेत्रमा रकम लगाउन मन लाग्यो।

यत्तिकैमा प्रकाशले आफ्नै गाउँ राँकेमा ठूलै रकममा होटल खोल्ने विचार गरे। आफ्नै जग्गामा रु. तीन करोड लगानी गर्दै चारतले घरसहित बस्नेतले अहिले होटल सञ्चालनमा ल्याएका छन्। अढाइ वर्षअघि खोलेको होटलमा अहिले उल्लेखनीय आम्दानी दिइरहेको छ। 'लगानी गरेअनुसारको आम्दानी राम्रै छ। ग्रामीण क्षेत्र हो अरू क्षेत्र जस्तो त कहाँ हुन्छ र तर पनि चलेकै छ' -प्रकाश भन्छन्- 'स्थानीय खाद्य परिकारलाई प्राथमिकतामा राखेर होटल सञ्चालन गरेको छु। साथीभाइको सहयोगले पनि राम्रै भएको छ।'

बाहिरी खाद्य परिकारलाई भन्दा पनि स्थानीय वस्तुलाई प्राथमिकता दिन थालेपछि होटलमा ग्राहकको समेत आगमन बढेको बस्नेत बताउँछन्। अहिले उनको होटलमा दैनिक ५० जनाभन्दा बढी मानिसको बसोबास हुन्छ। 'मेची राजमार्ग हुँदै ताप्लेजुङको पाथीभरा जानेको ठूलै संख्या होटलमा बस्छन्। सबैलाई ग्रामीण परिवेशको खानेकुरा खुवाउँदा ग्राहक समेत निकै खुशी हुन्छन्' -प्रकाश भन्छन्।

**'कमब्याक' योजनामा प्रकाश**

लामो समय साङ्गीतिक क्षेत्र छाडेका प्रकाश अब भने 'कमब्याक' हुने योजनामा छन्। आफ्नो 'स्वर्णिम' समय सोही क्षेत्रमा गुमेको र साथी/सहकर्मी पनि कमाएकाले साङ्गीतिक क्षेत्रमा पस्ने प्रकाशको उद्देश्य छ। 'अहिले पनि साइटबाट काम त गरिरहेकै छु। धेरै गीतमा सङ्गीत भरेको छु'- प्रकाश भन्छन्।

अहिले फुर्सदको समय आफूले सामाजिक काम र साङ्गीतिक कार्यक्रममै दिँदै रहेको प्रकाशको भनाइ छ, तर यतिमात्र होइन, एकपटक साङ्गीतिक क्षेत्रमै पसेर पुनः दर्शकमाझ चिनिने योजना छ प्रकाशको। साङ्गीतिक दुनियाँबाटै चिनिएका प्रकाशलाई अझै पनि साङ्गीतिक 'धङधडी' भने ताजै छ। यसले गर्दा पनि दर्शक/स्रोतसामु आफू पुग्ने प्रकाशको भनाइ छ। 'म आफूलाई त्यति अब्बल दर्जाको गायक त ठान्दिनँ'- प्रकाश भन्छन्- 'काम गर्दा साङ्गीतिक क्षेत्रमा गुमनाम चाहिँ हुन्न।'

**प्रस्तुति : किरण पौड्याल**

**सच्याइएको,**

पूर्वाञ्चल दैनिकको भदौ २३ गते मंगलबार पृष्ठ ३ मा प्रकाशित **'ताराले गरिन् घाइते श्रेष्ठलाई सहयोग'** शीर्षकको समाचारमा **एनसीसी बैंक बिर्तामोड शाखामा रहेको भक्तशेर श्रेष्ठको नाममा रहेको खाता नं. ०१५००००६७९११०** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। **सं.**

# फाकफोकथुममा कोरोना भेटियो

**इलाम, भदौ २३।** फाकफोकथुमका एक व्यक्तिमा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। पाँचथरमा कार्यरत चार सुरक्षाकर्मी, एक कामदारसहित फाकफोकथुम वडा नं. २ निवासी ५३ वर्षिय एक व्यक्ति गरी जम्मा छ जनाको पीसीआर रिर्पोटमा पोजेटिभ देखिएको जिल्ला जनस्वास्थ्य कार्यालय पाँचथरले जनाएको छ।

फाकफोकथुम वडा नं. २ निवासी संक्रमण पुष्टि भएका व्यक्ति प्रहरी कार्यालय पाँचथरको हिरासतबाट घर फर्किएका थिए। हाल उनको परिवार र छिमेकमा सम्पर्क भएका मानिसहरुको कन्ट्र्याक ट्रेसिङ्ग, एरिया सिल, पीसीआर चेक तथा थप सावधानीको बारेमा फाकफोकथुम गाउँपालिकाले सोमबार एक सूचना जारी गरी उच्च सतर्कता अपनाएको कार्यालयले जानकारी दिएको छ।

संक्रमित व्यक्ति केही दिनअघि विद्युत दुर्घटनामा परी हाल झापाको बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचाररत् रहेको वडा नं. २ का जनप्रतिनिधि खड्गबहादुर राईले जानकारी दिए।

# ५४ जनाले गरे रक्तदान




**भद्रपुर, भदौ २३।** कोरोना भाइरसको महामारीले झापामा रगत अभाव भइरहेको बेला भद्रपुरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

भद्रपुर मारवाडी संघ, मारवाडी महिला मञ्च, मारवाडी युवा मञ्च र युवती मञ्चको संयुक्त आयोजनामा भद्रपुर मारवाडी संघको भवनमा रक्तदान कार्यक्रम गरिएको हो। नेपाल रेडक्रस सोसाइटी भद्रपुर उपशाखाको सह आयोजनामा गरिएको रक्तदान कार्यक्रममा दुई महिलासहित ५४ जनाले रक्तदान गरेका थिए।


रक्तदान कार्यक्रम नेपाल रेडक्रस सोसाइटी झापा शाखाको प्राविधिक सहयोगमा सम्पन्न गरिएको संघका अध्यक्ष अजय साहेवालाले जानकारी दिए।


**छापाखाना**
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट
लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामीलाई सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
श्रुतिबिसुदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

**पायल्स तथा हाडजोर्नी**
दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक। पायल्स, कब्जीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग।
**बिर्ता आयुर्वेद एण्ड फिजीयोथेरापी**
अदुवा खोला छेउ, बिर्तामोड
फोनः ०२३-५९०१६६, ९८०६०००३१३, ९८४२७१६५८८

**टाटा सुमो गाडी भाडामा चाहिएमा**
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।
मो.९८१५९५२४९९/९८४१३२१४६४

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

**कर्मचारी आवश्यकता**
सेल्स/मार्केटिङ : १५ महिला/पुरुष
काम गर्ने स्थानः काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड।
तलबः १२,६००+कमिशन+बोनस
घरमा काम गर्नेः महिला (दमक, बिर्तामोड)
तलबः १०,०००+खान/बस्नसहित
Nepal Jobs Care Service Pvt. Ltd.
मो. ९८२६९२०००१, ९८४४६८५०००

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ। केही खर्च लागे पनि कार्य सफल होला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। थोरै लगानीबाट मनग्गे नाफा उठाउन सकिनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आयआर्जनका स्रोत बढ्नेछन् र प्रतिक्षित नतिजाले पनि उत्साह जगाउनेछ। यात्राको सम्भावना देखिएको छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
कामका विभिन्न अवसर प्राप्त हुनेछन्। समाजमा आफ्नो प्रभाव बढ्न सक्छ। अरुको सहयोग मिल्ला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
अरूको बारेमा चासो राख्दा स्वयम् समस्यामा परिएला। व्यवसायमा सोचे जस्तो प्रगति नहुन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
नयाँ योजना कार्यान्वयन गर्न निकै मेहनत गर्नुपर्ला। तापनि, मौका पर्खंदा स्थितिमा सुधार आउनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
आफ्ना कमजोरी माथि टिप्पणी हुने समय छ, सजग रहनुहोला। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
परिश्रमले धेरैको मन जित्न सकिनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुनेछ। गोपनीयता बाहिरिनाले पनि समस्यामा परिनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
अस्वस्थताले काममा समय दिन नसकिएला। अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्।